# लुम्बिनी साझेदारी वन उपभोक्ता समूह
# कञ्चन, रुपन्देही

पत्र संख्या : ०८२/०८३
च.न :- ४५९

मिति : २०८२/१२/३० गते

राजेन्द्र प्रसाद चौ
अध्यक्ष
लुम्बिनी साझेदारी वन उपभो
कञ्चन-४, रुपन्देही

## विषय : शिलवन्दी बोलपत्र आव्हानको सूचना !!!

प्रस्तुत विषयमा यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन योजना बमोजीम थिनिङ तथा सुधार कटान गरिने सव कम्पार्टमेन्ट C2S7, C3S7, C4S7, C2S8, C3S8, C4S8 को तपसिलको ठेक्का नं. १ देखि ६ बमोजिमको छपान भएको रुख (काठ दाउरा) कटान, मुछान गरी संकलन गर्ने कार्यको लागि ठेक्का दिनु पर्ने भएकोले शिलवन्दी दरभाउपत्रद्वारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न काठ व्यवसाय गर्ने उदेश्यले दर्ता भएका इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले निम्न शर्तहरुको अधिनमा रही निम्नानुसार शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) काठ दाउरा कटान मुछान तथा संकलन गर्ने कार्य लुम्बिनी साझेदारी वनको थिनिङ तथा सुधार कटान गरिने सव कम्पार्टमेण्टहरुमा तपसिलको ठेक्का नं. १, **C2S7,** का रुख १७७ थान (काठ १६७०.३० क्यु.फि. तथा दाउरा १७.५२ चट्टा), ठेक्का नं. २, **C3S7,** का रुख २४६ थान (काठ ३४०९.२६ क्यु.फि. तथा दाउरा २१.३९ चट्टा), ठेक्का नं. ३, **C4S7,** का रुख १७२ थान (काठ १९३१.८५ क्यु.फि. तथा दाउरा ११.३९ चट्टा) , ठेक्का नं. ४, **C2S8,** का रुख २२० थान (काठ २८५९.६९ क्यु.फि. तथा दाउरा २३.२४ चट्टा), ठेक्का नं. ५, **C3S8,** का रुख २८९ थान (काठ ४५८६.१३ क्यु.फि. तथा दाउरा ३८.४४ चट्टा), ठेक्का नं. ६, **C4S8,** का रुख १९६ थान ( काठ ४३८५.७९ क्यु.फि. तथा दाउरा २९.४३ चट्टा) गरी जम्मा रुख १३०० को काठ १८८४३.०२ क्यु.फि. र दाउरा १४१.४ चट्टा आँफुले कबुल गरेको दररेटमा कटान मुछान गरी घाटगद्दी गर्नु पर्नेछ ।

तपसिल:

| ठेक्का नं | सव कम्पाटमेन्ट | छपान रुख संख्या | छपान मुल्यांकन | | | लगत अनुमान (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| | | | जम्मा आयतन (क्यु.फिं) | काठ (क्यु.फिं) | दाउरा चट्टा | |
| १ | C2S7 | १७७ | ७५०९.१६ | १६७०.३० | १७.५२ | ५१४४४२.६८ |
| २ | C3S7 | २४६ | १०५३७.८ | ३४०९.२६ | २१.३९ | ८२८०९९.१२ |
| ३ | C4S7 | १७२ | ५७२८.५६ | १९३१.८५ | ११.३९ | ४५७९५७.२६ |
| ४ | C2S8 | २२० | १०६०७.६ | २८५९.६९ | २३.२४ | ७७६४३३.३० |
| ५ | C3S8 | २८९ | १७३९८.६ | ४५८६.१३ | ३८.४४ | १२६३२४२.३४ |
| ६ | C4S8 | १९६ | १४१९६.८ | ४३८५.७९ | २९.४३ | १०९४८४२.२६ |
| | **सुधार कटानको जम्मा** | **१३००** | **६५९७८** | **१८८४३.०२** | **१४१.४** | **४९३५०१६.९६** |

घाटगद्दी र संकलन हुने क्षेत्रको दुरी : ०-५ कि.मि. ।
संकलन खर्च : काठ प्रति क्यु.फि. रु. १४६/- र दाउरा प्रति चट्टा रु. १५४४४/- को दरले मु.अ.कर बाहेक ।

२) **खरिद** : दरभाउपत्र प्राप्त गर्न चाहने व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले प्रस्तुत सूचना प्रकाशित भएको मिति २०८२/१२/३० (राष्ट्रिय दैनिक, गोरखापत्र (वर्ष १२५, अंक ३३३) गते देखि १५ औं दिन मिति २०८३/०१/१४ गते सम्म कार्यालय समय भित्र नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाण, मु.अ. कर दर्ता प्रमाण, आ.व.

पत्र संख्या : ०८२/०८३

२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी छुटाछुटै दरभाउपत्रको लागी रु. १०००/- लिएर (फिर्ता नहुने) यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाइको कार्यालय, फायरलाईन तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट वाट प्राप्त गर्न सकिने छ।

३) **दाखिला:** निवेदक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले मिति २०८३/०१/१५ गते कार्यालय समय भित्र खरिद गरेको निकायमा दरभाउपत्र दाखिला गर्न सकिने छ। जसको नामबाट दरभाउपत्र खरिद गरिएको छ सोहि नाममा दरभाउपत्र दाखिला हुनु पर्नेछ।

४) दरभाउपत्र जमानत वापत दरभाउपत्र साथ स्वीकृत लागत अनुमानको २.५% ले हुन आउने रकम (ठेक्को नं. १ को १२८६२/-, ठेक्का नं. २ को रु. २०७०३/- र ठेक्का नं. ३ को रु. ११४४९/-, ठेक्का नं. ४ को रु. १९४११/-, ठेक्का नं. ५ को रु. ३१५८२ तथा ठेक्का नं. ६ को २७३७२/-) नगद वा यस समूहको राष्टिय बाणिज्य बैंक, भैरहवा शाखाको खाता नं. ३०८०१००००५२७७००१ मा रकम जम्मा गरेको सक्कल वैंक भौचर वा दरभाउपत्र दाखिला हुने अन्तिम दिनवाट कम्तिमा ७५ दिन अवधिको बाणिज्य बैंक वा वितिय संस्थाले जारी गरेको सो रकम बरावरको दरभाउपत्र जमानत राख्नु पर्नेछ।

५) ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा गर्नुपर्ने कामको कवोल अंकको १० प्रतिशत धरौटी वा जमानत राख्नु पर्नेछ।

६) दरभाउपत्र खाममा शिलवन्दी गरी खामको वाहिर शिलवन्दी संख्या, शिल संकेत दरभाउपत्र दाताको पुरा नाम थर, वतन, सम्पर्क ठेगाना र सम्पर्क फोन नं. तथा लुम्बिनी साझेदारी वनको काठ, दाउरा कटान तथा संकलन कार्यको दरभाउपत्र उल्लेख गरी शिलवन्दी खाम पेश गर्नु पर्ने छ। अधुरो तथा अस्पष्ट ठेगाना उल्लेख भई पत्राचार गर्दा फरक परेमा कार्यालय जवाफदेहि हुने छैन।

७) **खोल्ने :** म्याद भित्र पर्न आएका रित पूर्वकका शिलवन्दी दरभाउपत्रहरु मिति २०८३/०१/१७ गते दिनको २:० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिने छ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि दरभाउपत्र खोल्न कुनै वाधा पर्ने छैन।

८) दरभाउपत्र दाताले दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट वुझिने गरि लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९) दरभाउपत्र खरिद/दाखिला/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो लगतै पछिको कार्यालय खुल्ने दिनमा सोहि बमोजिम हुनेछ।

१०) दरभाउपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार साझेदारी वन व्यवस्थापन समितिमा निहित रहने छ। कारणवस दरभाउपत्र स्विकृत नभएमा वा नेपाल सरकारबाट अन्य कुनै व्यवस्था भएमा दरभाउपत्र दाताले अन्यथा दावि गर्न पाउने छैन।

११) म्याद भित्र करारनामा गर्न नआउने/कार्य सञ्चालन शुरु नगर्ने दरभाउपत्र दाताको धरौटी जफत गरी प्रचलित कानून बमोजीम गरिनेछ।

१२) वन पैदावार कटान, मुछान, घाटगद्दी गर्ने सम्वन्धमा वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका २०७३ मा भएको व्यवस्था मान्य हुनेछ। म्याद नाघि आएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाहि हुने छैन।

१३) उत्पादन भएको काठदाउराको परिमाण बमोजिम हुन आउने रकम मात्र भुक्तानी गरिने छ।

१४) यस सूचनामा उल्लेख भए जतिमा सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ तथा यस सम्बन्धमा आकर्षित हुने प्रचलित कानुन वमोजिम हुनेछ।

१५) सूचना वमोजिम दरभाउपत्र पेश गरी सके पछि सूचनाका शर्त सम्वन्धमा उठाईने कुनै विवाद स्वत: अमान्य हुनेछ।

१६) सूचनमा कुनै त्रुटी भए त्रुटी सत्याउने अधिकार साझेदारी वन व्यवस्थापन समितिलाई हुनेछ।

१७) यस सम्बन्धि केहि थप कुरा बुझ्नु परेमा लुम्बिनी साझेदारी वन व्यवस्थापन समितिको कार्यालय, कञ्चन ५, फायरलाईन, रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ।

